स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता विपिन कार्कीको करिअर उचारचढावपूर्ण छ । उनका कुनै फिल्मले लोभलाग्दो सफलता पाएका छन् भने धेरैजसो बक्स अफिसमा नराम्रोसँग पिटिएका छन् । गत वर्ष मात्र उनका ठूला बजेटका दुई फिल्म 'तेल भिसा' र 'कर्मा' असफल भए । 'कर्मा'ले त उनलाई दिइएको पारिश्रमिक समेत उठाएन । यी दुई फिल्मको असफलतापछि उनीबाट निर्माताहरु तर्किन थालिसकेका थिए ।

**आजको विचार...**



प्रदेश... (दुई पेजमा)

रमा दुलाल



सलमान खानको मस्तिष्कमा एनेयुरिज्म र एभी मालपर्फर्मेन्सको समस्या रहेको खुलासा भएको छ। एनेयुरिज्म भनेको यस्तो अवस्था हो जसमा मस्तिष्कको नसा सुन्निन्छ र यदि यो फुट्यो भने घातक स्ट्रोक पनि हुन सक्छ। कपिल शर्माको कार्यक्रममा सलमान खान आफैँले यो कुरा बताएका हुन्। सलमानले अझै पनि गम्भीर स्वास्थ्य अवस्थाबिच आफूले काम गरिरहेको बताए । 'हामी हरेक दिन हड्डी भाँचिरहेका छौं। करङ भाँचिएको छ।

❐ वर्ष ३० ❐ अंक ३२९ ❐ २०८२ असार १० गते मंगलबार 24 June 2025, Tuesday ❐ पृष्ठ संख्या ८ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## रूसी आक्रमणमा पाँचको मृत्यु

(रासस/एएफपी)

**किएभ,** असार ९/युक्रनी शीर्ष सैन्य कमान्डरले रुसमाथि आक्रमण तीव्र पार्ने वाचा गरेको एक दिनपछि युक्रेनले सोमबार राजधानी किएभमा भएको आक्रमणमा कम्तीमा पाँच जनाको मृत्यु भएको बताएको छ । "राजधानीमा अर्को आक्रमण भएको किएभको सैन्य प्रशासनका प्रमुख तिमुर ताकाचेन्कोले एक विज्ञप्तिमार्फत बताएका हुन् । गृहमन्त्री इगोर क्लेमेन्कोले सेभचेन्किभ्स्की जिल्लामा चार जनाको मृत्यु हुनुका साथै आवासीय भवनको एक भाग ध्वस्त भएको तथा दक्षिणी बिला त्सेर्कवामा अर्को व्यक्तिको मृत्यु भएको बताएका छन् । युक्रेनी सेना प्रमुख ओलेक्सान्डर सिरस्कीले रूसमाथि आक्रमण तीव्र पार्ने वाचा गरेपछि पछिल्लो आक्रमण भएको हो । किएभले रूसविरूद्ध गरेको पछिल्लो आक्रमण 'प्रभावकारी' साबित भएको जनाउदै सिरस्कीले युक्रेनले रूसी सैन्य लक्ष्यहरूमा आफ्नो आक्रमण जारी राख्ने बताए । ऊर्जा र सैन्य पूर्वाधारलाई लक्षित गरी युक्रेनी पूर्वाधार र नागरिकमाथिको घातक रूसी आक्रमणहरूको उचित प्रतिक्रियासहित जवाफी हमला गरेको किएभले बताएको छ

# रामपुर, रम्भा र तिनाउको प्राथमिकता कृषि, पर्यटन र पूर्वाधार

**हाम्रा संवाददाता**

**पाल्पा,** असार ९/जिल्लाका तीन वटा स्थानीय तहले कृषि, पर्यटन र पूर्वाधारलाई प्राथमिकता दिएका छन् । यहाँका रामपुर नगरपालिका, रम्भा गाउँपालिका र तिनाउ गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममार्फत कृषि, पर्यटन र पूर्वाधारलाई प्राथमिकतामा राखेका हुन् ।

रामपुर नगरपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषि, उद्योग, पर्यटन क्षेत्रको विकास, गुणस्तरीय पूर्वाधार निर्माण, सामाजिक विकास, रोजगारीलाई प्राथमिकता राखेको छ । नगर प्रमुख रमणबहादुर थापाले आगामी वर्षको लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरवासीको सर्वाङ्गीण विकाससँगै समृद्धि सुशासन सेवा प्रवाहका साथ तिव्र विकासको संकल्प सहित नीति तथा कार्यक्रम ल्याइएको बताए । उनले उत्पादन वृद्धिका लागि 'कृषि उत्पादकत्व वृद्धि : रामपुरको समृद्धि'को नारा अघि सारिएको बताए । बालीवस्तुको उत्पादनमा वृद्धि गरी आयात











प्रतिस्थापन र निर्यात प्रवर्द्धनको योजना अघि सारिएको, फलफूलका विरुवा उत्पादन गरी सामुहिक तथा नीजि बंगैचा विकास गरिने थापाले बताए । सिंचाईलाई व्यवस्थित गर्न कृषकका गरा सबै हराभरा भन्ने अभियानलाई पनि अघि सारिएको उनको भनाई छ ।

*-बाँकी अन्तिम पेजमा...*

## योग्यता प्रणालीको सम्मान गरौं


-योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
-योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
-प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
-निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसर को उपयोग गरौं र गराऔं,
-२०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,
'योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता'

नेपाल सरकार
विज्ञापन बोर्ड

# हल गोरु पाल्ने किसानलाई आर्थिक सहयोग

**वालिङ (स्याङ्जा),** असार ९/ स्याङ्जाको फेदीखोला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई प्रोत्साहनका लागि अनुदान दिएको छ । परम्परागत कृषि प्रणालीको संरक्षण र कृषकलाई आर्थिक प्रोत्साहन दिने उद्देश्यले हल गोरु पाल्ने किसानलाई अनुदान दिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताए । पछिल्लो समय गाउँगाउँमा गोरु पाल्न छाड्ने क्रम बढ्दै गएपछि हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप प्रतिहल १० हजार अनुदान दिइएको हो ।

फेदीखोला गाउँपालिकाका पाँचवटै वडाबाट हल गोरुको तथ्याङ्क सङ्कलन गरी प्रोत्साहन अनुदान प्रदान गरेको हो । हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत २२४ जना किसानहरु समेटिएका छन् । कुल २९० हल गोरुका लागि १४ लाख ४५ हजार अनुदान वितरण गरिएको उनले बताए । यो कार्यक्रममार्फत आर्थिक, सामाजिक, पर्यावरणीय र सांस्कृतिक महत्वलाई जोगाइ राख्नका लागि टेवा पुग्ने गाउँपालिकाको अपेक्षा छ । "हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदानले विशेषगरी आर्थिक, सामाजिक, पर्यावरणीय, सांस्कृतिक रुपमा समेत प्रभाव पार्ने देखिन्छ," उनले भने,



"किसानको मनोबल बढाउँदै दिगो, आत्मनिर्भर र सांस्कृतिक रुपमा समृद्ध कृषि प्रणालीतर्फ सकारात्मक सङ्केत दिएको छ ।" किसानको उत्पादन लागत घटेर आम्दानी बढ्ने, सामूहिक श्रम र पराम्परागत कृषि अभ्यासको पुनर्जीवनमा टेवा पुग्ने विश्वास उनको छ । यान्त्रिक प्रविधिहरुको प्रयोगबाट हुने जोताइको सट्टामा वातावरणमैत्री विधिको प्रोत्साहनमा जोड दिएको हो । "पछिल्लो समय गोरु पाल्ने चलन हराउँदै गएको छ, हाम्रो परम्परा मेटिँदै गएको छ," उनले भने, "एकातिर हाम्रो परम्पराको संरक्षण हुने र अर्कोतर्फ जैविक मल घरमै उत्पादन गर्न सकिने भएकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराएका हौँ ।" यो कार्यक्रममा गाउँपालिकाको ७५ प्रतिशत अनुदान र किसानको २५ प्रतिशत लागत साझेदारी रहेको फेदीखोला गाउँपालिका पशुपक्षी विकास उपशाखाका प्रमुख भगवानदेव यादवले बताए । गाउँपालिकाले हल गोरु पालेका किसानहरुलाई प्रोत्साहन अनुदान दिनेसम्बन्धी सूचना सार्वजनिक गरेपछि वडावडाबाट निवेदन सङ्कलन भएको थियो । सङ्कलन भएका निवेदनहरुउपर जनप्रतिनिधि तथा कर्मचारीहरु घरघरमै पुगेर अनुगमनपश्चात् प्रमाणित भएपछि सम्बन्धित किसानको बैङ्क खातामा रकम जम्मा गरिदिने भएको उनले बताए । "एउटै किसानले पालेको एक हल गोरु अथवा दुईजना किसानको मिलाएर एक हल गोरु बनाइएको रहेछ भने पनि पालिकाले प्रोत्साहनस्वरुप ७५ प्रतिशत अनुदान दिन्छ," उनले भने, "गोरु पाल्ने किसानहरुको सबै तथ्याङ्क सङ्कलन गरी प्रक्रिया पूरा भइसकेको छ ।"

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जनतामा आशा र भरोसा जगाऊ

देशको वर्तमान राजनीतिक र आर्थिक परिस्थिति निराशाजनक छ । संविधान जारी भएको झण्डै एक दशक भइसक्दा पनि मुलुक सत्ता समीकरण, हेरफेर र सरकार गठन–पुनर्गठनमा अल्झिरहेको छ । राजनीतिक अस्थिरता, आर्थिक संकट, बेरोजगारीजस्ता समस्याहरु हल गर्ने दिशामा सरकार अघि बढिरहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन ।

अहिले बहुमतको सरकार छ । मुलुककै ठूला दुई दल नेपाली काँग्रेस र एमालेको संयुक्त सरकार हुँदा आमजनताले ठूलो अपेक्षा गरेका थिए । तर जनताको अपेक्षा अनुसार सरकारले काम गर्न सकेको छैन । सरकारदेखि संसदसम्मका कामकारवाहीले आशा जगाउन नसक्दा आमनागरिकमा राजनीतिक दलदेखि नेताप्रति असन्तुष्टि बढेको छ । वर्तमान सरकारहरूसँग नागरिक आकांक्षा चुलिनु स्वाभाविक थियो । बहुमत रहेको संघीय सरकार गठन हुनुले आमनागरिकमा राजनीतिक स्थिरताको बहालीसँगै देश समृद्धिको यात्रामा अघि बढ्ने आशा भए पनि यतिका समयसम्म उल्लेखीय काम हुन नसक्दा निराशा बनेका छन् । सरकारले आफ्नो काम–कारबाहीबाट जनतालाई आशावादी बनाउन नसक्नु दुखद् हो । आखिर सरकारले किन सोचे अनुरुप काम गर्न नसकेको हो ? सरकारलाई काम गर्न के–के तत्वले दिइरहेको छैन ? प्रतिपक्षी दलले दाबी गरेजस्तो बिचौलिया, कमिसनखोरको घेराबन्दीले गर्दा सरकारले काम गर्न नसकेको हो त ? नभए दुई तिहाइ सरकारले पनि राम्ररी काम गर्न नसक्नुको कारण जनता जान्न–बुझ्न पाउनुपर्दछ । सरकार असफल भएको अहिले नै निष्कर्षा निकाल्नु हतार हुने भए पनि सफल हुने दिशामा समेत अघि बढिरहेको छैन । सकारात्मक केही पनि छैन भन्ने होइन, तर नकारात्मक बढी भएको अवश्य हो । यस्तो अवस्थामा संघीयता विरोधी, लोकतन्त्र विरोधीहरुले खेल्ने मौका पाइरहेका छन् । परिर्वतनको अनुभूति गर्न नसक्ने र व्यवस्था विरोधी स्वर पनि आकर्षाण लाग्ने अवस्थालाई कसरी विश्लेषाण गर्ने ? यो स्थिति आउनु बडो दुःखद हो । यसर्थ नागरिकको निराशालाई चिरेर आशा जगाउनतिर सरकार उन्मुख हुन जरुरी छ ।

### Opinion @ Social Network

कसैले बुझ्न खोजेन लाचार खरानीको महत्व
आफू भस्म भएर कराईको पिँध जोगाएको छ ।

*(मोहन कार्कीकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Mohan.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रदेश सरकार किन र केका लागि ?



## रमा दुलाल

> *प्रदेशहरूले कानुनी । भौतिक दुवै आधार खडा गर्नुपर्ने थियो, यी दुवै कार्यमा प्रदेश सरकारहरू सफलताका साथ अगाडि बढेको देखिन्छ । हाम्रो संविधानको धारा ५६ (१) मा भनिएको छ, सैंघ लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सै, प्रदेश । स्थानीय तह गरी तीन तहको हुनेछ । त्यस्तै गरी अनुसूची ५ देखि ९ सम्म सैंघ एकाइका एकल । साझा अधिकारका सूची दिइएका छन् भने अनुसूची ६ मा प्रदेशले के के गर्ने भनी एकल अधिकार उल्लेख गरिएको छ । त्यसैले 'प्रदेश चाहिन्छ कि चाहिँदैन' भन्ने बहसमा केन्द्रित नभई सञ्चालनमा आएको सात वर्षदेखि प्रदेशहरू कसरी काम गर्दै छन् तथा प्रदेश सञ्चालनमा के के समस्या देखिए भन्ने आजको केन्द्रीय समस्याहरूको समाधान कसरी गर्न सकिएला ? के प्रदेश एक्लैले मात्रै आफ्नो औचित्य स्थापित गर्न वा आफूलाई सबल बनाउन सक्छ ? सक्दैन । तसर्थ हामी सैंघताबारे जुन चिन्ता गर्छौं, त्यसमा सबैभन्दा समस्याग्रस्त नै प्रदेश छ । प्रदेश । सै दुवै मिलेर अघि बढे मात्र प्रदेशको औचित्य स्थापित हुन सक्छ । दोस्रो कार्यकालको आधा समय बिताउँदै गर्दा निर्वाचित प्रदेशसभा । सरकारहरूले आमजनता सामु आफ्नो अस्तित्व साबित गर्न सके कि सकेनन् ? तिनले केन्द्रकै कार्यकारिणी, विधायिकी । प्रशासनिक कार्यशैलीको नक्कल गरे कि त्योभन्दा भिन्न शैलीमा प्रस्तुत भए ! अब मूल्याङ्कन गर्ने बेला भएको छ । सैंघ सरकारको पूरै छाया प्रदेशमा पर्नु हुँदैन तर अहिले त्यस्तै भइरहेको छ । सैमा जस्तै प्रदेशमा पनि सरकारहरू अस्थिर बनेका छन् । पार्टी विभाजन । आन्तरिक कलहले प्रादेशिक सरकारहरू गठन । विघटन हुने प्रक्रिया जारी छ तर यस्तो अस्थिरता हुँदाहुँदै पनि प्रादेशिक सरकारहरू कामै नगरी बसेका भने होइनन् । यद्यपि प्रदेश सरकारहरूले आ–आफ्ना कार्यक्षेत्रभित्र शान्तिसुरक्षा कायम गरी विकास निर्माणका काम गर्न सक्छन् । त्यसबाहेक तिनले आफू मातहतका पालिकाहरूबिच कानुन बनाउनेदेखि विकास निर्माणका काममा सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्न सक्छन् । आफूसित भएको बजेट तिनलाई उपलब्ध गराउन सक्छन् । प्रदेश सरकार जनताप्रति कतिको जवाफदेही हुन्छ ? त्यसैमा सैंघताको भविष्य निर्भर हुन्छ । आमनागरिकले सैंघता भनेकै प्रदेश हो भन्ने बुझेका छन् ।*

सैंघतापश्चात् प्रदेशहरूले आठौँ वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिसकेका छन् । वास्तवमा सैंघता अन्तर्गतका सरकार स्वतन्त्र रूपमा सहकार्य तथा सहअस्तित्वको भावना अनुरूप अगाडि बढ्नुपर्ने हुन्छ । सैंघ सरकारले नीति-नियम बनाउनेह अन्तर्राष्ट्रिय सम्बन्ध, द्विपक्षीय र बहुपक्षीय सम्बन्धहरू स्थापना गर्नेह सामरिक महत्त्वका कार्यहरू गर्ने नै हो । त्यस्तै प्रदेश सरकार विकास निर्माण र जनताका आवश्यकतातर्फ केन्द्रित हुन आवश्यक छ । जनतालाई सबैभन्दा नजिकबाट सेवा-सुविधा प्रदान गर्ने निकाय हो, स्थानीय सरकार । प्रदेश सरकार हाम्रा लागि नयाँ हो । हामीले केन्द्र सरकार र स्थानीय सरकारलाई भने लामो समयदेखि बेहोर्दै आएका हौं । तसर्थ प्रदेश सरकार किन र केका लागि भन्ने प्रश्न यदाकदा सुन्न पाइन्छ । प्रदेश संरचनालाई मजबुत नबनाईकन सैंघता सबल हुन सक्दैन । प्रदेशहरूलाई सबल बनाउन स्थानीय सरकारहरूको सहयोग र सैंघ सरकारको सुझाव, सहयोग र समुचित वित्तीय व्यवस्थापन महत्त्वपूर्ण रहन्छ । यसर्थ अब बिस्तारै प्रदेश रहनुको औचित्य साबित गर्न नसके व्यवस्थातर्फ नै प्रश्न आउने अवस्था सिर्जना हुँदै गइरहेको देखिन्छ । यस परिप्रेक्ष्यमा दुई पृथक् भनाइहरू प्रमुख रूपमा अगाडि आइरहेका छन् । पहिलो भनाइ छ, मुलुकको विविधतालाई समेट्न र समृद्धि हासिल गर्न प्रदेश संरचना आवश्यक छ । दोस्रो भनाइ छ– प्रदेशहरू असाध्यै खर्चिलो भएको, भ्रष्टाचारको केन्द्र र कार्यकर्ता व्यवस्थापन गर्ने थलो बन्दै गएको छ । यसो भन्नेहरुले केन्द्र र स्थानीय तह मात्र भए पुग्ने दलिल पेस गर्छन् । यद्यपि हाम्रो संविधानले दुई तहको सैंघताको परिकल्पना गरेको छैन तथा दुई तहको प्रणालीलाई सैंघता भन्न सकिन्न । प्रदेशहरूले कानुनी र भौतिक दुवै आधार खडा गर्नुपर्ने थियो, यी दुवै कार्यमा प्रदेश सरकारहरू सफलताका साथ अगाडि बढेको देखिन्छ । हाम्रो संविधानको धारा ५६ (१) मा भनिएको छ, सैंघ लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सै, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । त्यस्तै गरी अनुसूची ५ देखि ९ सम्म सैंघ एकाइका एकल र साझा अधिकारका सूची दिइएका छन् भने अनुसूची ६ मा प्रदेशले के के गर्ने भनी एकल अधिकार उल्लेख गरिएको छ । त्यसैले 'प्रदेश चाहिन्छ कि चाहिँदैन' भन्ने बहसमा केन्द्रित नभई सञ्चालनमा आएको सात वर्षदेखि प्रदेशहरू कसरी काम गर्दै छन् तथा प्रदेश सञ्चालनमा के के समस्या देखिए भन्ने आजको केन्द्रीय समस्याहरूको **समाधान कसरी गर्न सकिएला ?** के प्रदेश एक्लैले मात्रै आफ्नो औचित्य स्थापित गर्न वा आफूलाई सबल बनाउन सक्छ ? सक्दैन । तसर्थ हामी सैंघताबारे जुन चिन्ता गर्छौं, त्यसमा सबैभन्दा समस्याग्रस्त नै प्रदेश छ । प्रदेश र सै दुवै मिलेर अघि बढे मात्र प्रदेशको औचित्य स्थापित हुन सक्छ । दोस्रो कार्यकालको आधा समय बिताउँदै गर्दा निर्वाचित प्रदेशसभा र सरकारहरूले आमजनता सामु आफ्नो अस्तित्व साबित गर्न सके कि सकेनन् ? तिनले केन्द्रकै कार्यकारिणी, विधायिकी र प्रशासनिक कार्यशैलीको नक्कल गरे कि त्योभन्दा भिन्न शैलीमा प्रस्तुत भए ! अब मूल्याङ्ङ्कन गर्ने बेला भएको छ । सैंघ सरकारको पूरै छाया प्रदेशमा पर्नु हुँदैन तर अहिले त्यस्तै भइरहेको छ । सैमा जस्तै प्रदेशमा पनि सरकारहरू अस्थिर बनेका छन् । पार्टी विभाजन र आन्तरिक कलहले प्रादेशिक सरकारहरू गठन र विघटन हुने प्रक्रिया जारी छ तर यस्तो अस्थिरता हुँदाहुँदै पनि प्रादेशिक सरकारहरू कामै नगरी बसेका भने होइनन् । यद्यपि प्रदेश सरकारहरूले आ-आफ्ना कार्यक्षेत्रभित्र शान्तिसुरक्षा कायम गरी विकास निर्माणका काम गर्न सक्छन् । त्यसबाहेक तिनले आफू मातहतका पालिकाहरूबिच कानुन बनाउनेदेखि विकास निर्माणका काममा सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्न सक्छन् । आफूसित भएको बजेट तिनलाई उपलब्ध गराउन सक्छन् ।

प्रदेश सरकार जनताप्रति कतिको जवाफदेही हुन्छ ? त्यसैमा सैंघताको भविष्य निर्भर हुन्छ । आमनागरिकले सैंघता भनेकै प्रदेश हो भन्ने बुझेका छन् र यसले कसरी काम गर्छ भनेर नजिकबाट नियालिरहेका छन् । प्रत्येक वर्ष प्रादेशिक सरकारले वार्षिक बजेट पारित गर्दै आएको छ । त्यसका लागि प्रदेश आर्थिक ऐन र नियमावलीहरू बनेका छन् । प्रादेशिक सरकारहरूले प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश विनियोजन ऐन साथै अन्य आवश्यक धेरै ऐन-कानुन तर्जुमा गरेर अगाडि बढेका छन् । शिक्षा, स्वास्थ्य, यातायात, कृषि, खानी तथा उद्योग लगायत विकास निर्माणका धेरै क्षेत्रमा प्रदेशहरूले ऐन तर्जुमा गरेर कार्यान्वयन गर्दै छन्, विकास निर्माणका योजनाहरूमा जोड दिएका छन् । हाल सातै प्रदेशमा मुख्यमन्त्री र प्रदेश प्रमुखका कार्यालय स्थापित भएका छन् । प्रदेश महान्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगको कार्यालय, प्रदेश लोकसेवा आयोगको कार्यालय, प्रदेश खेलकुद विकास बोर्ड, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश निर्वाचन कार्यालयजस्ता कार्यालय प्रदेशमा स्थापना भइसकेका छन् । प्रदेशहरूले आफूलाई आवश्यक पर्ने कर्मचारीहरू प्रदेश लोकसेवा आयोगमार्फत विज्ञापन गरी पदपूर्ति गर्दै आएका छन् । संविधानको अनुसूचीमा एकल र साझा अधिकारका सूची दिइएको भए पनि सैले 'दिने' र प्रदेशले 'लिने' भन्ने पुरानै केन्द्रीकृत मानसिकताले काम गरिरहेको हुँदा प्रदेशका कामहरू प्रभावित भइरहेका छन्, प्रदेशहरूमा समस्या छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको सुझाव अनुसार अर्थ मन्त्रालयले प्रदेशहरूलाई स्रोत बाँडफाँट नगरेका गुनासा आइरहेका छन् । स्रोत-साधन नभई प्रदेशहरूले कसरी काम गर्न सक्छन्, यो नै यस परिप्रेक्ष्यमा रहेको यक्ष प्रश्न हो ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सञ्चित धनमा वृद्धि हुनेछ। बोलिको प्रभावले कार्य सिध्द गर्न सकिएला। | **तुला** : आत्मविश्वासमा वृद्धि हुनेछ। राजनीतिक क्षेत्रमा जनसमर्थन बढ्नेछ। |
| **वृष** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। रमाइलो स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। | **वृश्चिक** : पारिवारिक सद्भाव बढ्नेछ। माताको स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |
| **मिथुन** : कमजोरीलाई सुधार्ने अवसर मिल्नेछ। कानुन विपरीत कार्य नगर्नुहोला। | **धनु** :नयाँ योजनाहरू बन्नेछन्। व्यवसायमा आयका नयाँ स्रोतहरू बन्नेछन्। |
| **कर्कट** : योग्य कार्यले लोकप्रियता बढाउनेछ। बिशष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। | **मकर** : कृषिबाट पनि लाभ प्राप्त गर्न सकिनेछ। आयआर्जनका नयाँ स्रोतहरू बन्नेछन्। |
| **सिंह** : महत्वपूर्ण कार्यको थालनी हुनेछ। व्यवसायमा राम्रो लाभार्जन गर्न सकिनेछ। | **कुम्भ** : मन उत्साहित रहनेछ। स्वास्थ्यको लागि आहारविहारमा ध्यान राख्नुहोला। |
| **कन्या** : लगनशीलताले कार्यहरू अगाडि बढ्नेछन्। रोकिएका कार्यसम्पादन गर्न सकिनेछ। | **मीन** : धैर्य र पराक्रम वृद्धि हुनेछ। ठेकापट्टानको कार्यबाट विशेष लाभ मिल्ला। |

## विज्ञान/सूचना प्रविधि

# च्याटजीपीटीको जमानामा विश्वविद्यालयको सान्दर्भिकता छ कि छैन ?



आर्टिफिसियल इन्टेलिजेन्स (एआई) शिक्षा क्षेत्रमा प्रवेश गरेपछि विद्यार्थीहरूले गृहकार्य गर्न एआईको प्रयोग बढाएका छन्, जसले गर्दा कडा परिश्रम गर्ने विद्यार्थीहरू कमजोर देखिएका छन् । शिक्षकहरूले एआई प्रयोग गरेर विद्यार्थीको कामको मूल्याङ्गन गर्न थालेका छन्, र विश्वविद्यालयहरूले एआईको प्रभावबारे गम्भीर बन्नुपर्ने देखिएको छ । एआईको प्रयोगलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने र विद्यार्थीको मूल्याङ्गनका लागि रचनात्मक विधिहरू अपनाउनुपर्ने कुरामा जोड दिइएको छ । आजभोलि धेरैजसो विद्यार्थीका लागि क्याम्पस एकदम सजिलो हुँदै गएको छ । कुनै समय मसिनो अनुसन्धानमार्फत् मात्रै गर्न सकिने काम अहिले क्षणभरमै गर्न सकिन्छ । संसारका हरेक विषयका लागि खोजेजस्तै आकर्षक लेख तथा निबन्ध उपलब्ध छन् । लामा र दुरुहजस्ता लाग्ने चार्ल्स डिकेन्स वा प्राचीन ग्रीसका डेमोस्थेनिसलाई मसिनोगरी पर्गेल्नु पर्दैन । सबै आवश्यक तथा सान्दर्भिक सामग्री तुरुन्तै केवल एउटा 'च्याटबोट प्रोम्प्ट' बाट पाउन सकिन्छ । त्यसलाई सजिलै आफ्नो अनुकूल तोडमरोड वा संक्षेपीकरण गर्न सकिन्छ । शिक्षा क्षेत्र कृत्रिम बुद्धिमत्ता अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सको युगमा हेलिइसकेको छ । हालै प्रकाशित भएका धेरै अनुसन्धान प्रतिवेदन अनुसार विद्यार्थीहरूले आफ्नो गृहकार्य एआईलाई गराउनु अब सामान्य र नियमित काम भएको छ । अनौठो त के छ भने एआईको प्रयोग नगरेर आफैँ कडा परिश्रम गर्ने विद्यार्थीहरू प्राय: एआईको प्रयोग गर्ने आृना साथीहरूको तुलनामा कमजोरजस्ता देखिएका छन् । प्राध्यापकहरूले कम्प्युटरको प्रयोग मार्फत सिर्जना गरिएका लेखाइलाई वास्तविक लेखाइबाट छुट्याउन लगभग असम्भव हुन थालेको छ । अझ अनौठो कुरा त आृना विद्यार्थीहरूको कामको मूल्याङ्गन गर्न शिक्षक पनि एआईको प्रयोग गर्न थालेका छन् । अवस्था कतिसम्म खराब देखिँदैछ भने कम्प्युटरहरू कम्प्युटरले नै लेखेका उत्तर पुस्तिका वा लेख/रचना जाँच गरिरहेका छन् । विद्यार्थी र प्राध्यापकहरू निष्क्रिय अवलोकनकर्ता जस्ता देखिन्छन् । तर, अभिभावकहरू भने शिक्षाका लागि भनेरै हजारौँ डलर खर्च गरिरहेका छन् । यसअघि नै विश्वविद्यालयहरूले विभिन्न खाले चुनौती भोगिरहेका वेला यसले अझ गम्भीर सङ्कटमा परिणत गर्न सक्ने देखिएको छ । हरेक कुरा व्यावसायिक वा रोजगारीसँग मात्रै जोडिएको हुँदैन । मानविकीजस्ता सङ्कायका अध्ययनहरू अझै उच्च लक्ष्य केन्द्रित हुन्छन् । यस्ता विषय आलोचनात्मक चिन्तनलाई प्रोत्साहन गर्न, असल बानी बसाल्न, बौद्धिक क्षितिज फराकिलो पार्न तथा विद्यार्थीहरूलाई म्याथ्यू अर्नोल्डले भनेजस्तै 'विभिन्न समयमा सोचिएका र भनिएका उत्तम कुरा' सँग परिचित गराउन खोज्छन् । यसरी गम्भीर अध्ययन गर्न तथा एरिस्टोटल, थोमस एक्विनास वा आडम स्मिथ जस्ता सर्वकालिक चिन्तकका विचारमा आफू निपुण हुन जम्मा एक वाक्यको आकारको 'एआई प्रोम्प्ट' ले काम गर्दैन । त्यसका लागि अलि गहन मेहनत चाहिन्छ । त्यस्तो मेहनतले राम्रो नतिजा पनि दिन्छ । यो कुरा निश्चित विषयमा गहिरो चासो हुनेहरूको हकमा मात्रै लागु हुँदैन । धेरै काम छन् जसमा मानिसको क्षमतामा निखार ल्याएरमात्रै राम्रोसँग गर्न वा गराउन सकिन्छ । जस्तै: आपसमा विरोधी दृष्टिकोणहरूको संश्लेषण गरेर त्यसबारे विवेकशील निर्णय गर्न, साहित्यिक रचनाको मूल्याङ्गन गर्दै त्यसबारे आलोचनात्मक टिप्पणी गर्न, आधुनिक मूल्य मान्यताहरूको दार्शनिक आधार बुझ्न त्यति सजिलो छैन । यस्ता सिपले व्यक्तिलाई जागिरका लागि योग्यमात्रै बनाउँदैन, उसको चरित्रको स्वरुप पनि निर्धारण गर्छ । उन्नत दृष्टिकोण प्रदान गर्छ । साथै उनीहरू सभ्य नागरिक बन्छन् । नागरिक शास्त्र तथा इतिहासको ज्ञान जति धेरै भयो त्यति उपयोगी हुन्छ । यसका लागि विद्यालय तथा विश्वविद्यालयले गर्नुपर्ने केही काम छन् । सबैभन्दा पहिले विद्यालयहरू यो विषयमा गम्भीर हुनैपर्छ । धेरै विद्यालय एआईको प्रभावबारे अन्योलमा छन् । धेरैले त यो समस्या बिस्तारै आफैँ हटेर जाने आशा गरिरहेका देखिन्छन् । विद्यालयहरूले अब एआईको प्रयोग कुन हदसम्म ठिक छ, शिक्षकहरूको मार्गनिर्देश नमा सिकाइको उद्देश्यका लागि कतिसम्म प्रयोग गर्न सकिन्छ तथा विद्यार्थीहरूले यसको दुरुपयोग गरेमा के हुनेछ भन्ने कुरा स्पष्ट भन्नुपर्छ । यसका प्रशस्त उदाहरण छन् । उदाहरणका लागि एआईको प्रयोगलाई लिएर तयार गरिएका प्राज्ञिक आचारसंहिताले छलछाम कम गर्न सघाएको देखाएको छ । खास गरी जब स्कूलहरूले त्यस्ता आचारसंहिताको उल्लैनलाई गम्भीरतापूर्वक लिन्छन्, त्यसबेला विद्यार्थीहरूलाई के गर्नु हुन्छ र के गर्नु हुँदैन भनेर ठ्याक्कै थाहा हुन्छ । साथै उल्लैन भएको हकमा पनि उचित रूपमा दण्डित गर्न सजिलो हुन्छ । अर्को महत्त्वपूर्ण कदम भनेको विद्यार्थीको मूल्याङ्गनको काम कक्षाकोठामै गर्न बढी जोड दिनु हो । विद्यार्थीहरूलाई कलम र कापी लिएर आफैँ लेखेर परीक्षा दिन लगाउनुपर्छ । साथै शैक्षिक सत्रको अवधिभर राम्रोसँग बुझेर अध्ययन गर्न पनि प्रोत्साहन गर्नुपर्छ । यसो गर्दा छलछाम रोकिने मात्र नभएर विषयवस्तुमा निपुणता पनि हासिल हुन्छ । विद्यालयले एआईलाई ध्यानमा राखेर मौखिक परीक्षाजस्ता मूल्याङ्गनका अन्य रचनात्मक तथा कठोर विधि प्रयोग गर्नुपर्छ । यसो गर्दा शिक्षकहरूले पहिलेभन्दा धेरै मेहनत गर्नुपर्ने हुन्छ । यसलाई उनीहरूले आफ्नो स्वार्थकै रूपमा हेर्नुपर्ने हुन्छ । दीर्घकालमा प्रविधि आफैँले पनि समाधान दिन सक्छ । 'ब्लुमबर्ग बिजनेस विक' ले गत वर्ष गरेको खोजले हाल कायम रहेका एआईजन्य रचना पहिचानका उपकरणहरू प्रभावकारी नरहेको देखाएको थियो । साथै हाल उपलब्ध त्यस्ता उपकरणहरू सहजै छल्न सकिने पाइएको थियो । तर विद्यालयहरूले यसको प्रयोग गर्दै जाँदा विस्तारै प्रविधिमा सुधार पनि हुँदै जान्छ । साथै विद्यार्थीहरूले छलछाम गर्ने क्रम घट्दै जान्छ । अहिले नै धेरै विद्यार्थीहरू आफूले काम गर्दाको बखतको 'स्क्रिन रेकर्डिङ' गर्ने लगायत विभिन्न रचनात्मक तरिकाको माध्यमबाट आफ्नो कामको मौलिकता देखाउन थालेका छन् । एआई नियन्त्रणलाई बाध्यकारी बनाएको खन्डमा यस्ता तरिकाहरू अझै उन्नत र प्रभावकारी बन्दै जान्छन् । क्याम्पसका विद्यार्थीहरू सधैं केही न केही छल्न खोजिरहेकै हुन्छन् । कुनै न कुनै रूपमा भविष्यमा पनि यो अभ्यास कायम नै रहनेछ । मुख्य कुरा भनेको हामी त्यसरी छलछाम गर्न कति अप्ठ्यारो बनाइदिन्छौँ वा त्यसो गर्दा भोग्नुपर्ने परिणाम कस्ता बनाउँछौँ भन्ने हो । त्यस्तै कदमले अब एआईको नवीन तथा अद्भुत युगका मान्यताहरू तय गर्नेछन् र विश्वविद्यालयको भविष्यसमेत यही कुरामा भर पर्नेछ ।

*-रातोपाटी डटकम*


# छामेर सिके सौर्यमण्डल र तारामण्डलको ज्ञान



नेपाल एष्ट्रोनोमिकल सोसाइटीले फरक क्षमता भएका दृष्टिविहीन विद्यार्थीलाई खगोल विज्ञानबारे व्यवहारिक शिक्षा सिकाइको अनुभव गराएको छ । खगोल विज्ञानको क्षेत्रमा सहभागी गराई समावेशी शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल एष्ट्रोनोमिकलसोसाइटी र आईएयू नेसनल आउटरिच कोअर्डिनेटर नेपालको संयुक्त आयोजनामा यो कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा फरक क्षमता भएका १७ जना दृष्टिविहीन विद्यार्थीहरूलाई सक्रिय सहभागिता गराई व्यावहारिक सिकाइको अनुभव गराइएको नेपाल एष्ट्रोनोमिकल सोसाइटी अन्तर्गत रहेको समावेशी ब्रह्माण्ड परियोजनाकी संयोजक मनीषा द्वाले बताइन् । उनले भनिन्, 'दृष्टिविहीन विद्यार्थीहरूलाई सौर्यमण्डल, ग्रहहरू, ताराहरू र तारामण्डलको अवधारणाबारे बुझाउन विशेष टेक्टाइल मोडलहरू, ब्रेल लिपीमा लेखिएका सामग्रीहरू र अन्य शिक्षण उपकरणहरू प्रयोग गरेका छौं ।' उनका अनुसार सहभागी विद्यार्थीहरूले हातले छामेर ग्रहहरूको आकार, संरचना र सौर्यमण्डलको व्यवस्थालाई अनुभव गरेका छन् । साथै प्रशिक्षकहरूले विद्यार्थीहरूसँग सहभागी भई उनीहरूलाई खगोलीय वस्तुहरूको बारेमा विस्तृत जानकारी प्रदान गरिएको उनको भनाइ छ । 'हामी उहाँहरूलाई सौर्यमण्डलको मोडेलमा ग्रहहरूको आकार र दूरीको अनुपात देखाउन डोरीको सहायता लियौं। सूर्यको तापमानबारे छमाएर, छोएर दृष्टिविहीन विद्यार्थीहरूलाई अनुभव गरायौं,' उनले भनिन्, 'कुन ग्रहहरू कति टाढा छन् ? भनेर डोरीको सहायताले एक-एक गरी विद्यार्थीहरूलाई ब्रेल लिपीबाट बुझायौं ।' फरक क्षमता भएका दृष्टिविहीन विद्यार्थीलाई डोरीको सहायताले सौर्यमण्डल, ग्रहहरूको दूरीबारे जानकारी दिँदै समावेशी ब्रह्माण्ड परियोजनाकी संयोजक मनीषा द्वा । उनले उक्त कार्यक्रम कक्षा २ देखि ११ कक्षामा अध्ययनरत दिपेश उपाध्याय, सञ्जय तामाङ, सन्देश चौहान, कोपिला तामाङ, निमा साङ तामाङ, जस्मिन नेपाल, दिप्सना धुङ्गाना, बिनिता बस्नेत, संजिता माझी, भक्ति थापा मगर, समयोग के.सी., सनम पुटवार, बिकाश सिम्खडा, कुशल बेलबासे, बिनोद प्रसाद शर्मा, बिनय अधिकारी, सोफिक थापा दृष्टिविहीन विद्यार्थीहरू सहभागीता थिए । कार्यक्रममा नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष तथा नेपालका लागि आईएयू नेसनल आउटरिच कोअर्डिनेटर सुरेश भट्टराईले सहभागी सबै विद्यार्थीहरूलाई औपचारिक रूपमा प्रमाणपत्र प्रदान गरे । साथै नासोको परियोजना संयोजक मनीषा द्वाले फरक क्षमता भएका दृष्टिविहीन विद्यार्थीहरूलाई सिकाइका यी सामग्रीले खगोल विज्ञानको क्षेत्रमा बुझ्न सजिलो बनाउने र समावेशी शिक्षाको आधार तयार गरेको बताइन् । फरक क्षमता भएका दृष्टिविहीन विद्यार्थीलाई सौर्यमण्डलबारे छमाएर जानकारी दिँदै समावेशी ब्रह्माण्ड परियोजनाकी संयोजक मनीषा द्वा । 'यो कार्यक्रमले समाजमा समावेशीताको सन्देश फैलाउँदै दृष्टिविहीन समुदायलाई शैक्षिक अवसरहरूमा समेट्ने प्रयास गरेको छ। साथै विज्ञानलाई सबैका लागि पहुँचयोग्य बनाउँदै समावेशी स्टिम शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। 'उनले भनिन् । नेपाल एष्ट्रोनोमिकल सोसाइटीले गत वर्षदेखि समावेशी ब्रह्माण्ड परियोजनालाई चलाउँदै आएको छ भने शिक्षा मन्त्रालयले गर्ने स्टिम एजुकेशन प्रतियोगितामा दृष्टिविहीन विद्यार्थीहरूले समेत भाग लिन सक्ने आधार तय गर्दै आएको छ जसमा दृष्टिविहीन विद्यार्थीहरूका लागि अलग्गै विधागत व्‍यस्था गरिएको छ ।

*-अनलाइन खबर डटकम*

# नेपालकै पहिलो एआई अन्तर्राष्ट्रिय सम्मेलन बिर्तामोडमा




नेपालको प्रविधि इतिहासमा नयाँ अध्याय शुरु हुँदै गर्दा इन्टरनेसनल कन्फरेन्स अन रिसेन्ट ट्रेन्ड्स इन आर्टिफिसियल इन्टेलिजेन्स (आईसीआरटीएआई २०२५) नामक अन्तर्राष्ट्रिय सम्मेलन आउँदो असार १४ र १५ झापाको बिर्तामोडमा हुने भएको छ । सम्मेलनको आयोजना नुमा डिजिटल फर्मले गर्दैछ । सह-आयोजकको रूपमा मेची बहुमुखी क्याम्पस सहभागी रहेको छ । नेपालमा हालै डिजिटल नेपाल अभियान, ई-गभर्नेन्स नीति र इनोभेसन इनक्युबेसनका क्षेत्रहरू विस्तार हुँदै गएका छन् । यिनै प्रवृत्तिहरूको सन्दर्भमा आईसीआरटीएआई २०२५ ले नेपालको स्थानीय आवश्यकतामा आधारित उत्तरदायी र समावेशी एआई विकासको खाका तयार गर्ने महत्वाकांक्षी लक्ष्य राखेको छ । आयोजकका अनुसार नेपालको बहुसांस्कृतिक, बहुभाषिक र भौगोलिक विविधता भएको देशमा एआई को प्रयोगले पहुँच अभाव, दक्ष जनशक्ति अभाव, तथा नीतिगत स्पष्टता अभावजस्ता समस्यालाई अवसरमा रूपान्तरण गर्न सक्छ । एआई प्रविधिहरूले स्वास्थ्यमा टेलिमेडिसिन, शिक्षामा स्वचालित मूल्याङ्कन, र कृषिमा स्मार्ट निगरानी प्रणालीको विकासलाई व्यवहारिक बनाउँछ । यसले ल्याउने नैतिक, सामाजिक र नीतिगत चुनौतीहरूलाई सम्बोधन गर्न आवश्यक तयारी र समन्वय अपरिहार्य छ। आईसीआरटीएआई २०२५ को विशेषता भनेकै एआई नीति, अनुसन्धान, नवप्रवर्तन र शिक्षा क्षेत्रलाई एउटै मंचमा ल्याउने हो । सम्मेलनका संयोजक तथा मेची बहुमुखी क्याम्पसका आईटी विभाग प्रमुख सुनिल शर्माका अनुसार कार्यक्रममा नेपालका साथै अमेरिका, जापान, दक्षिण कोरिया, फिलिपिन्स्, र भारतका प्राध्यापक तथा विषय विज्ञहरूले रिसर्च पेपर प्रस्तुत गर्नेछन् । शर्माका अनुसार आईसीआरटीएआई २०२५ केवल प्रविधि प्रदर्शन गर्ने मञ्च होइन । यो सम्मेलनले नीति निर्माण, सार्वजनिक संवाद र विद्यार्थी नेतृत्वलाई एउटै प्रवाहमा जोड्नेछ। सम्मेलनको कन्फरेन्स प्लस अनकन्फरेन्स ढाँचा नेपालको सम्मेलन संस्कृतिमा नयाँ प्रयोग हुनेछ । अनकन्फरेन्स ट्र्याकहरूमा सहभागीहरूले आफूले चाहेका विषयमा सत्र प्रस्ताव गर्न सक्नेछन् – जस्तै भाषागत एआई, ग्रामीण स्वास्थ्य सेवामा एआई, अथवा महिला र समावेशी डेटा नीति । यसले सहभागीहरूलाई श्रोतामात्र होइन, सह-निर्माता बनाउनेछ ।

*-हाम्रा कुरा डटकम*

# तानसेनमा सञ्चालित स्वास्थ्य योग शिविर सकियो



**कृष्ण पोखरेल**

**पाल्पा,** असार ९/पछिल्लो समय जिल्लामा योग अभ्यासका गतिविधिहरु बढ्दै गएका छन् । शरिरलाई शारिरीक र मानसिक रुपमा स्वस्थ राख्न सकिने भएपछि योग अभ्यासका गतिविधिहरु बढ्दै गएका हुन् ।

मानिसहरु योगतर्फ आकर्षित हुँदै गएपछि तानसेनमा पनि पाँच दिने स्वास्थ्य योग शिविर सञ्चालन गरिएयो । पाँच दिनसम्म सञ्चालन गरिएको शिविरले सकिएको छ । तानसेन नगरपालिका- २ को आयोजना र पतञ्जली योग समिति पाल्पाको व्यबस्थापन एवं प्राविधिक सहयोगमा शिविर भएको हो । शिविरमा तानसेन नगरपालिका वडा नं. २, वडा नं. ३, वडा नं, ४ र वडा नं ६ का ५० जना भन्दा बढी नगरवासीहरु सहभागी भएका थिए । योग अभ्यासमा पुरुष भन्दा महिलाहरुको सहभागी बढी थियो । शिविरमा योग प्रशिक्षकहरु पतञ्जलि योग समिति पाल्पाका अध्यक्ष शुरेस श्रेष्ठ, महिला अध्यक्ष उषा श्रेष्ठ, उपाध्यक्ष बैजनाथ यादव, तरुण थापा र पद्यमा भट्टराई श्रेष्ठले लगायतले योगासन, प्राणायाम, ध्यान, सूर्य नमस्कार, आसन र योगनिद्र लगायतका विभिन्न किसिमका योग अभ्यास गराएका थिए । शिविर प्रत्येक बिहान ५ बजेदेखि ७ बजेसम्म सञ्चालन हुँदै आएको थियो । कार्यक्रममा वडा नं. २ का वडा अध्यक्ष महेश्वर श्रेष्ठले नियमित योग अभ्यासले उच्च रक्तचाप, मधुमेह, तनाव, मोटोपन, अनिद्र लगायतका रोगहरूको निवारण गर्न सहयोग पुग्ने बताए । योग केवल शारीरिक व्यायाम होइन, यो जीवन पद्धतिको एक अनुसाशित अभ्यास भएकाले सबै नगरवासीहरु नियमित योग अभ्यासमा सहभागी हुन वडा अध्यक्ष श्रेष्ठले जोड दिए । कार्यक्रममा तानसेन नगरपालिकाका बरिष्ठ कार्यक्रम अधिकृत भरत आचार्यले योग अभ्यासबाट नगरवासीको जीवनस्तर सुधारमा सहयोग पुगेको बताए । कार्यक्रममा तानसेन नगरपालिका कार्यपालिका सदस्य सविता भट्टराईले निरन्तरको योग अभ्यासबाट मानिसमा भएको रोग निको हुने शरिर, मन र मस्तिष्कलाई स्वस्थ्य बनाउने बताईन । कार्यक्रममा नारायण युवा क्लवका अध्यक्ष प्रविनराज शाक्यले योग अभ्यास कार्यक्रमलाई नगरभित्र नियमित रुपमा सञ्चालन गर्न सकेमा धेरै मानिसहरुको स्वास्थ्यमा सुधार हुने बताए । पतञ्जली योग समिति पाल्पाले नियमित रुपमा शाही मन्दिर विशाल बजारमा विहान ५ बजे देखी ७ बजे सम्म निशुल्क रुपमा योगअभ्यास गराउदै आएको छ । शिविरमा छुटेका व्यक्तिहरुलाई विशालबजारको नियमित कार्यक्रममा सहभागी हुन समेत समितिले नगरवासीहरुमा अनुरोध गरेको छ ।

## रामपुर, रम्भा र तिनाउको...

...निस्दीखोला लगायत अन्य खोलाको केही क्षेत्रमा माछा पकेट क्षेत्र बनाइने नीति नगरको छ । नगरले पर्यटन प्रवर्द्धनका लागि रामपुरको पहिचान राम सर्किटको अभियानको नारालाई अघि बढाएको छ । कालीगण्डकी डाईभर्सन आयोजनाले नगरपालिकाको प्राकृतिक धार्मिक, सामाजिक र आर्थिक अस्तित्व माथि प्रतिकुल असर पार्ने भएकाले यसलाई रोक्नका लागि नदी संरक्षणका लागि आवश्यक पहल गरिने नगर प्रमुख थापाले बताए ।साथै रोजगारी सिर्जनाका लागि मिसन रोजगारी : दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान सञ्चालन गरिने उनले उल्लेख गरे । बसाई सराईलाई निरुत्साहित गर्न घनाबस्ती र सहरउन्मुख क्षेत्रमा वस्ती विकासका कार्यक्रम सञ्चालन गर्ने, होमस्टे सञ्चालनलाई प्रवर्द्धन गर्ने नीति लिएको छ । नगर सभाको १७ औं अधिवेशनमा विनियोजन विद्येयक र आर्थिक विद्येयक प्रस्तुत गर्दै उपप्रमुख बालकुमारी थापाले ८२ करोड १८ लाख ६६ हजार ६ सय २१ रुपैयाँ बराबरको बजेट सार्वजनिक गरिन् । उनले बजेटमा संघीय समानिकरण अनुदानबाट १२ करोड २२ लाख, संघीय राजस्व बाँडफाँडबाट १० करोड ६३ लाख ९८ हजार ६ सय २१, संघीय समपुरक पुँजीगत ९१ लख संघीय विशेष अनुदान ७५ लाख संघीय सशर्त चालुतर्फ ३५ करोड ११ लाख, संघीय सशर्त चालुतर्फ २ करोड ८ लाख, प्रदेश समानिकरण अनुदान ८३ लाख २३ हजार, प्रदेश राजस्व बाँडफाँडबाट १ करोड २९ लाख ३७ हजार, प्रदेश समपुरक १ करोड २० लाख, प्रदेश शसर्त चालुतर्फ १५ लाख ८ हजार र पूँजीगततर्फ ३ करोड र आन्तरिक स्रोत अल्यासहित १४ करोड जुटाउने अनुमान गरिएको उल्लेख गरिन् । यस्तै रम्भा गाउँपालिकाले पनि नीति तथा कार्यक्रममार्फत कृषि, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ । गाउँसभाको १७ औं अधिवेशनको पहिलो बैठकमा अध्यक्ष विष्णुप्रसाद भण्डारीले रम्भा गाउँपालिकाको शान, सुखी रम्भावासी, समृद्ध रम्भा हाम्रो अभियान भन्ने नाराका साथ कृषि, पर्यटनलाई प्राथमिकता दिएका हुन् । गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रममा कृषि तथा पशुपालनलाई आर्थिक विकासको मेरुदण्डको रूपमा लिनुका साथै उत्पादन वृद्धि, बजारीकरण, सहुलियत कर्जा, प्राविधिक सेवा, जैविक मल उत्पादनदेखि लिएर भूमि बैंक स्थापनासम्मका कार्यक्रम समावेश गरिएको छ । पर्यटनको क्षेत्रमा रिमिघा र रम्भादेवी मन्दिरलाई मुख्य पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने, उत्तर गण्डकी महामेला महोत्सव आयोजना गर्ने पनि उल्लेख छ । यस्तै तिनाउ गाउँपालिकाले पनि कृषि, पर्यटन र पूर्वाधारलाई प्राथमिकता दिएको छ । 'कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार र पर्यटन: समृद्ध तिनाउको मूल आधार' भन्ने नाराका साथ गाउँपालिकाले समावेशी, आत्मनिर्भर र समृद्ध समाज निर्माण गर्ने लक्ष्यका साथ नीति तथा कार्यक्रम तयार गरिएको गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । कृषि तथा पशुपालनमा व्यावसायिकता ल्याउन ५० प्रतिशत अनुदानमा आधुनिक उपकरण वितरण, एक वडा एक पकेट क्षेत्र विकास, गाई-भैंसी तथा बाख्रापालन, मौरी पालन, गड्यौली मल उत्पादन, तरकारी तथा फलफूल खेतीलाई प्रवर्द्धन कार्यक्रम गरिने कार्यक्रममा उल्लेख छ । यस्तैगरी जन्तीलङ्ग र मरामकोटमा होमस्टे प्रवर्द्धन, मगर संग्रहालयको व्यवस्थापन, एक वडा एक महोत्सव, पर्यटन नक्सा निर्माणजस्ता कार्यक्रम अघि बढाइने कार्यक्रम पनि नीतिमा ल्याइएको छ ।

### खेलकुद समाचार

## फिफा क्लब विश्वकपमा रियल म्याड्रिडको पहिलो जीत



**काठमाडौं,** असार ८/अमेरिकामा जारी फिफा क्लब विश्वकप फुटबलमा स्पेनिस क्लब रियल म्याड्रिड र इङ्हिलस क्लब म्यानचेस्टर सिटी विजयी बन्दै नकआउट चरण नजिक पुगेका छन् भने एफसी साल्जबर्ग र अल हिलालबीचको खेल बराबरीमा सकिएको छ । समूह 'एच' अन्तर्गतको खेलमा रियल म्याड्रिडले मेक्सिकन क्लब पाचुकालाई ३-१ ले पराजित गर्दै प्रतियोगितामा पहिलो जीत हात पारेको छ । रियलका लागि जुड बेलिङ्हम, अर्डा गुलेर र कप्तान फेडेरिको भाल्भेर्देले गोल गरे । पाचुकाका एलियास मोन्टिएलले एक गोल फर्काए । अहिले रियल म्याड्रिड २ खेलबाट ४ अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । त्यस्तै समूह 'जी' को अर्को खेलमा म्यानचेस्टर सिटीले यूएईको अल अइनलाई ६-० को फराकिलो अन्तरले हराउँदै अन्तिम १६ मा पुगेको छ । खेलमा पाँच फरक खेलाडीले गोल गरेका थिए । त्यस्तै समूह 'एच' कै अर्को खेलमा अस्ट्रियन क्लब आरबी साल्जबर्ग र साउदी अरबको अल हिलालबीचको खेल बराबरीमा सकिएको छ । बराबरीसँगै दुवैले १-१ अङ्क जोडेका छन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

# वाणिज्य बैंकहरूले ऊर्जामा बढाए लगानी




**पाल्पा,** असार ९/वाणिज्य बैंकहरूले जलविद्युत तथा ऊर्जा क्षेत्रमा लगानी बढाएका छन् । अन्य क्षेत्र सुस्त भइरहँदा जलविद्युत परियोजनामा भने बैंकहरुले कर्जाको माग र लगानी दुवै बढेका हुन् ।

जलविद्युत परियोजना निर्माण भइरहेका कारण यस क्षेत्रमा कर्जाको माग बढेको बैंकरहरू बताउँछन् । बैंकहरूले आगामी असार मसान्तसम्ममा कुल कर्जाको ७ प्रतिशत ऊर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था छ । चैतसम्ममा नै बैंकहरूले ८.८० प्रतिशत कर्जा ऊर्जा क्षेत्रमा लगानी गरिसकेका छन् । असार मसान्तसम्ममा यस्तो क्षेत्रमा कर्जा लगानी झनै बढ्ने जानकारहरू बताउँछन् । बैंकहरूले चैतसम्ममा ४९ खर्ब १३ अर्ब रुपैयाँ ऊर्जामा कर्जा लगानी गरेका छन् । यस्तो क्षेत्रमा गरिएको कर्जा लगानी आगामी २०८४ असारसम्म १० प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । समग्रमा ऊर्जा तथा जलविद्युत क्षेत्रमा न्यूनतम सीमाभन्दा बढी कर्जा प्रवाह भए पनि केही बैंकहरूले भने अझै सीमा कायम गर्न सकेका छैनन् । असार अन्तिमसम्ममा केहीमात्रै बैंकले सीमा कायम गर्न सक्ने भए पनि केहीले भने नसक्ने देखिएको छ । जलविद्युत तथा ऊर्जा क्षेत्रमा सबैभन्दा बढी कर्जा लगानी एनएमबि बैंकले गर्दा सबैभन्दा कम लगानी भने एनआईसी एशिया बैंकको छ । एनएमबिले कुल कर्जाको १३.७१ प्रतिशत जलविद्युत तथा ऊर्जा क्षेत्रमा लगानी गरेको छ । एनआईसी एशियाले भने १.०९ प्रतिशतमात्रै लगानी गरेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई